# पकहाँ मैनपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पकाहा मैनपुर,पर्सा

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७५/०२/१६ गते)**

यस गाउँपालिकालाई आ.व. २०७४/०७५ मा सडक ढलान गर्ने कार्य देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्रद्वारा खरीद गर्नुपर्ने भएकोले इक्छुक र इजाजत प्राप्त निर्माण ब्यबसायीहरुले बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्य निर्माण ब्यबसायीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न ( अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : पकहा मैनपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पकहा मैनपुर, पर्सा

२. यो सूचना प्रकाशित भएको मिति देखि १६ औ दिनसम्म बोलपत्र फाराम सम्बन्धी आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको ब्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अशावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको तपसिलमा उल्लेख दस्तुर ( पछि फर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपल्बध गराइने छ ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औ दिउँसो १२:०० बजे भित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

४. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहवरमा पकहा मैनपुर गाउँपालिका गाउँ कार्यपालिका पकाह मैनपुरको कार्यालयमा १६ औ दिनको १ऽ०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र साथ जमानत वापतको धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक, आदर्शनगर बिरगंज पर्सामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. १२५०३०३००७१०८ जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ९० दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। बोलपत्रमा प्रत्येक आइटम दर रेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आशिंक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस गाउँ पालिकामा निहित रहने छ ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१०. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

११. अन्य कार्यविधिहरु स्थानिय निकाय सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ ।

१२. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१३. बोलपत्रको कामको विवरण निम्रुन अनुसार छ ।

| ठेक्का नं. | कामको बिवरण | धरौटी रकम रु. | फारम दस्तुर (फिर्ता नहुने गरी ) |
|---|---|---|---|
| ८/२०७४/०७५ | सडक ढलान (वडा नं २ सुर्जाहाको डोबी पुल देखि संसारी माई स्कूलसम्म) | ३२१७१ ।- | १०००/- (खाता नं.१२५०३०४०३८३०८, रा.बा. बैंक ) |